# गीत

धेरै भिजे का नजर देखिंछन
धेरै रुझेका मुहार भेटिंछन

शीत भै सारा मन कुँडियको देखिंछ
धेरै फूल नफक्रि ओइलेको भेटिंछ
तुहेको सपना मा भीड बगेको देखिंछ
आफ्नै मन टुटेर हो कि सबै घाइते भेटिंछ

बिनाभार पनि मांछे सुस्ताएको देखिंछ
निराशाले बेरेर मांछे लर्खराएको भेटिंछ
नपिय पनि मांछे यहाँ बौलाएको देखिंछ
आफ्नै मन टुटेर हो कि सबै घाइते मात्र भेटिंछ

–कपिल अधिकारी